# प्रभाव दैनिक
National Daily



- विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता, २०७९ को पालना गरौं ।
- विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष ९ | अंक ३१५ | काठमाडौं | बिहीबार, २ चैत २०७९ | Prabhab National Daily | Thursday, March 16, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५।-


## दूधको मूल्यमा मनपरि

### किसानले प्रतिलिटर ६५ रुपैयाँ मूल्य पाउँदा उपभोक्ता १२० रुपैयाँ तिर्न बाध्य



■ मुना के.सी.

**काठमाडौं–** सरकारले दूधको मूल्य बढाएको करिब दुई साता बित्न लागेको छ । किसानहरु आफूले उत्पादन गरेको दूधको लागत मूल्य नपाएको भन्दै आन्दोलनमा उत्रिएपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मूल्य बढाउने सहमति गरेको थियो । सोही सहमतिअनुसार मन्त्रालयले सरोकारवाला निकाय पशु सेवा विभाग, राष्ट्रिय दुग्ध विकास बोर्ड, राष्ट्रिय दुग्ध उत्पादक सहकारी तथा विभिन्न किसानसँग सम्बन्धित संगठनहरुसँग पटक-पटक भएको छलफलपश्चात् दूधको मूल्य बढाउनका लागि मन्त्रिपरिषद्मा पेस गरेको थियो ।

मन्त्रालयले सिफारिस गरेकै आधारमा दूधको मूल्य प्रतिलिटर नौ रुपैयाँ बढाउने सरकारले निर्णय गरेको छ । उक्त निर्णयअनुसार किसानहरुले उत्पादन गरेको दूधको मूल्य बिक्री गर्दा ६५.५ रुपैयाँ पाउने भएका छन् ।

तर, किसानले जुन मात्रामा सरकारले बढाएको मूल्य प्राप्त गरेका छन् । त्यसको दोब्बर मूल्य उपभोक्ताले तिर्नु परिरहेको छ । दूध उत्पादन गर्ने किसानभन्दा किसानहरुबाट दूध संकलन गरी उपभोक्तालाई बिक्री गर्ने व्यापारीहरुले त्यसको फाइदा लुटिरहेको देखिन्छ ।

काठमाडौं उपत्यकाभित्रको कुरा गर्ने हो भने पनि अहिले उपभोक्ताले दूधको मूल्य प्रतिलिटर १२० रुपैयाँ तिर्न बाध्य भएका छन् । खुला डेरी व्यवसायीहरुले त अझ त्यसलाई बढाएर १३० रुपैयाँसम्म पनि लिने गरेको पाइएको छ । गाईवस्तुको पालेर कष्ट गर्ने किसानहरुले लागत मूल्यसमेत नपाउने तर, दूध व्यापारीहरुले भने किसानहरुले पाउनेभन्दा दोब्बर मूल्यमा उपभोक्ताहरुलाई दूध बिक्री गरिरहँदा पनि सरकारी निकाय बेखवरजस्तै देखिन्छ ।

सरकारले (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# हट्यो २ वर्षे श्रम स्वीकृतिको प्रावधान

### नेपाल फर्केर पुनः श्रम स्वीकृति लिनुपर्ने बाध्यताबाट श्रमिकलाई राहत

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने नेपाली कामदारका लागि लागू गर्दै आएको दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारीसमेत वहन गरिरहेका प्रधानमन्त्री पुष्पकमल दाहालले बुधबार दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाउने निर्णय गरेका हुन् ।

सरकारले विशेषगरी मलेसिया र खाडी मुलुकहरूमा काम गर्न जाने नेपाली कामदारलाई दुई वर्षको श्रम स्वीकृति दिँदै आएको थियो । उक्त व्यवस्थाका कारण कामदारलाई रोजगारीमा हुँदाहुँदै पनि नेपाल फर्किएर पुनः श्रम स्वीकृति लिनुपर्ने बाध्यात्मक अवस्था थियो । सरकारको पछिल्लो निर्णयले विदेशमा काम गर्ने कामदारहरूलाई राहत पुगेको छ । साथै, अब सम्बन्धित मुलुक हेर्ने नेपाली कूटनीतिक नियोगबाट नै पुनः श्रम स्वीकृति लिन सकिने मन्त्रालयले जनाएको छ ।

अव्यावहारिक देखिएको दुई वर्षे श्रम स्वीकृतिको प्रावधान प्रधानमन्त्रस्तरीय निर्णयबाट हटाइएको श्रम मन्त्रालयले बुधबार विज्ञप्तिमार्फत जानकारी दिएको छ । 'सरकारले रोजगारदाता र कामदारबीच हुने सम्झौताको आधारमा श्रम स्वीकृति दिनु व्यावहारिक र लाभदायी देखेका कारण दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाइएको छ,' श्रमसचिव एकनारायण अर्यालले भने, 'प्रधानमन्त्रीस्तरीय निर्णयबाट यो प्रावधान हटाइएको छ । आगामी दिनमा रोजगारदाता र कामदारबीच हुने सम्झौतापत्रका आधारमा मात्रै श्रम स्वीकृति जारी हुनेछ ।'

दुई वर्षे प्रावधान हटाउनुमा नेपाली कामदारको सम्भावित उद्धार तथा राहतसँग पनि सरोकार रहेको उनले बताए । 'मन्त्रालयले मूल्यांकन गर्दा श्रमिक कामदारको कार्य अवधि र भिसा अवधि छँदै श्रम स्वीकृतिका कारण बीचमा नेपाल फर्किनुपरेको, विदेशमा बस्दा पनि आफ्नो मुलुकले दिएको श्रम स्वीकृतिको अवधि नघटाई बस्नुपर्ने अवस्था देखियो,' सचिव अर्यालले भने, 'कामदारले धेरै झमेला मोल्नुपर्ने भएकोले सम्बन्धित मुलुकबाटै कार्य अनुमति रोजगारदाता र श्रमिकबीच भएको कार्य सम्झौताको आधारमा सोही अवधि तोकी श्रम स्वीकृति दिने व्यवस्था गर्ने निर्णय भएको छ ।'




> कामदारले धेरै झमेला मोल्नुपर्ने भएकोले सम्बन्धित मुलुकबाटै कार्य अनुमति रोजगारदाता र श्रमिकबीच भएको कार्य सम्झौताको आधारमा सोही अवधि तोकी श्रम स्वीकृति दिने व्यवस्था गर्ने निर्णय भएको छ ।
>
> ■ एकनारायण अर्याल
> सचिव, श्रम मन्त्रालय

यस्तै श्रम मन्त्रालयले बुधबार नै एक विज्ञप्ति जारी गर्दै पुनः श्रम स्वीकृतिको व्यवस्था पुनरवलोकन गर्दै गन्तव्य मुलुकमा रहेका नेपाली कुटनीतिक नियोगबाटै पुनः श्रम स्वीकृति लिन सकिने जनाएको छ । 'वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १७ (ग) मा भएको व्यवस्था हाल प्रभावकारीरूपमा कार्यान्वयनमा नआएको कारण विदेशमा कार्यरत नेपाली श्रमिकले धेरै दुःख पाएको, पुनः स्वीकृति लिन पनि पुनः नेपाल आउनुपर्ने भएको र पुनः श्रम स्वीकृति नभएको बेला भवितव्य परी मृत्यु भएमा मृत्यु भएका बखत पाउने राहत, उद्धारलगायतका सुविधा कानुनबमोजिम उपलब्ध गराउन नसकिएको पक्षलाई ख्याल गरी गन्तव्य मुलुकहरूमा नेपाली कूटनीतिक नियोगबाटै पुनः श्रम स्वीकृति लिने व्यवस्था गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ ।

### विदेशी रोजगारदाता पनि फेइम्स् प्रणालीमा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले नेपाली कामदार लैजान चाहने विदेशी रोजगारदाताले पनि वैदेशिक रोजगार सूचना व्यवस्थापन (फेइम्स्) प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरेको छ । विभागले नेपाली कामदार लैजान तयारी गरिरहेका विदेशी रोजगारदाताहरूको एकीकृत अभिलेखीकरणका लागि फेइम्स्मा आबद्ध हुनुपर्ने व्यवस्था गरेको हो ।

विभागले मंगलबार एक सूचना जारी गर्दै नेपालमा रहेका भर्ती एजेन्सीहरू (म्यानपावर) मार्फत नेपाली आप्रवासी कामदारलाई आफ्नो कम्पनीमा भर्ना गर्ने विचार गरिरहेका सबै विदेशी रोजगारदाताहरूलाई आबद्ध हुन आग्रह गरेको छ । विदेशी रोजगारदाताहरूलाई फेइम्स्मा आबद्ध गराउन सके कामदारको स्वीकृतिका लागि आफ्नो योजनाबद्ध माग राख्न र पेस गर्न सक्ने विभागको विश्वास छ ।

विभागले सामान्य भर्ती प्रक्रिया र टाइमलाइनको साथमा फेइम्स् प्रणालीबाट कामदारको माग प्रमाणीकरणको कार्यलाई बढावा दिनुका साथै सरल बनाउने उल्लेख गरेको छ । यसबारे सम्बन्धित मुलुकका रोजगारदातालाई नेपालस्थित उनीहरूको दूतावासले दर्ता प्रक्रियाबारे विस्तृत निर्देशन दिने जनाइएको छ । यसबाहेक कामदार माग प्रमाणीकरण र फेइम्स् प्रणालीसम्बन्धी थप सहयोग तथा जानकारी लिनुपरे विभागमा सम्पर्क गर्न सकिने बताइएको छ ।

नेपाल सरकारले मलेसियासँग जिटुजी सम्झौता गर्नुअघि तीन वर्षे (बाँकी पृष्ठ २ मा)

# विश्वास परीक्षणको तयारीमा प्रधानमन्त्री



- आगामी सोमबार विश्वासको मत लिने तयारी
- एमाले र राप्रपाले समर्थन फिर्ता लिँदा विश्वासको मत लिनु प्रधानमन्त्रीको बाध्यता
- बहालवाला सांसद संख्या २७१ मध्ये कम्तीमा १३६ सांसदको विश्वास आवश्यक
- विश्वासको मत नपाए प्रधानमन्त्री स्वतः पदमुक्त हुने

■ जेबी योञ्जन

**काठमाडौं–** उपराष्ट्रपति निर्वाचनलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहालले फेरि विश्वासको मत लिने तयारी गरेका छन् । प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार हरिबोल गजुरेलका अनुसार आगामी सोमबार प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मत लिन तयारी गरेका हुन् ।

संसद् बैठक भने आइतबार नै बस्नेछ । त्यसको पछिल्लो दिनमात्रै प्रधानमन्त्रीले विश्वासको मतसम्बन्धी प्रस्तावमा प्रतिनिधिसभामा प्रस्तुत गर्ने भएका हुन् ।

११ पुसमा प्रधानमन्त्री दाहालले सरकार गठन गर्दा नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को पनि समर्थन लिएका थिए । तर, यी दुवै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेका छन् । सोही कारण संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रधानमन्त्रीले विश्वासको मत लिन लागेका हुन् ।

उक्त उपधारामा भनिएको छ, 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नु पर्नेछ ।'

प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने अन्तिम मिति १२ चैतसम्म रहेको छ । तर, उपराष्ट्रपति निर्वाचनलगत्तै विश्वासको मत लिने तयारी भइरहेको हो । १२ फागुनमा तत्कालीन सत्ता गठबन्धन बाहिरको दल कांग्रेसका नेता रामचन्द्र पौडेललाई राष्ट्रपतिका उम्मेदवार बनाउने नाममा प्रधानमन्त्री दाहालले गठबन्धन तोडेका थिए । त्यसपछि आक्रोशित भएका एमाले र राप्रपाले क्रमशः प्रधानमन्त्री दाहाललाई दिएको समर्थन फिर्ता लिँदा फेरि विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यतामा दाहाल परेका हुन् ।

२७५ सदस्यीय संसद्मा हाल २७१ जना सांसद छन् । तनहुँ-१ बाट निर्वाचित कांग्रेस सांसद पौडेल राष्ट्रपति भएका छन् । चितवन-२ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रवि लामिछानेको सांसद पद खारेज भएको छ । जनता समाजवादी पार्टी (जसपा) की सांसद सहनाज रहमानको मृत्यु भएको छ । भ्रष्टाचार मुद्दामा दोषी ठहरिएका कांग्रेस सांसद टेकबहादुर गुरुङ निलम्बित छन् ।

र, उपराष्ट्रपति पदमा गठबन्धनको तर्फबाट जसपा उम्मेदवार रामसहायप्रसाद यादव निर्वाचित भए प्रधानमन्त्री दाहालले विश्वासको मत दिने सांसद संख्या थप एक घट्ने छ । त्यस्तो अवस्थामा प्रधानमन्त्रीलाई विश्वासको मत दिने सांसद २७० जना हुने छन् । १३६ जना सांसद (बहुमत) को मत पाए दाहालको सरकार जोगिनेछ । उक्त संख्यामा मत जुटाउन नसके उनी स्वतः पदमुक्त हुने छन् ।

यहीबीच उपराष्ट्रपति निर्वाचनले हालको १० दलीय गठबन्धन संकटमा परेको छ । बुधबार साँझ प्रधानमन्त्रीको सरकारीनिवास (बाँकी पृष्ठ २ मा)

### थपिँदै एक सांसद

**काठमाडौं (प्रस)–** १० दलीय गठबन्धनको एउटा घटक जनता समाजवादी पार्टी (जसपा)ले समानुपातिक सांसद सहनाज रहमानको निधन भएपछि रिक्त पदमा सांसद सिफारिस गर्ने भएको छ । यसका लागि जसपाले केन्द्रीय कार्यकारिणी समितिको बैठक बोलाएको छ । बैठक पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आज (बिहीबार) बिहान ११ बजे भएको प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

समानुपातिक प्रणालीमार्फत मुस्लिम क्लस्टरबाट रहमान सांसद भएकी थिइन् । अब जसपाले सोही क्लस्टरतर्फ बन्दसूचीको दोस्रो नम्बरमा रहेकी मञ्जु अन्सारीलाई सांसद बनाउने भएको छ ।

समानुपातिक निर्वाचन प्रणालीअनुसार दलले बुझाएको बन्दसूचीको क्रमअनुसार सांसद हुन्छ । सोही आधारमा अन्सारीलाई उपराष्ट्रपति निर्वाचनअघि नै समानुपातिक सांसद बनाउन जसपा सक्रिय भएको हो ।

बैठकमा उपराष्ट्रपति निर्वाचन र पार्टीको विधान मस्यौदाबारे पनि छलफल हुने प्रचार विभाग प्रमुख बस्नेतले बताए ।

# पैदलयात्रीका लागि सचेतना अभियान आवश्यक

■ नारायण ढुंगाना

**काठमाडौं–** काठमाडौं उपत्यकामा गत आर्थिक वर्षमा मात्रै सवारीसाधनको ठक्करबाट ५८ पैदलयात्रीको मृत्यु भएकामा चालु आवको फागुन मसान्तसम्म आइपुग्दा ४० पैदलयात्रीले अनाहकमा ज्यान गुमाउनुपरेको छ ।

विगतमा जेब्राक्रसिङमै सवारीसाधनको ठक्करबाट पैदलयात्रीको मृत्यु भएका घटना पटक-पटक दोहोरिएका थिए । ती तथ्यले उपत्यकामा हिँड्ने पैदलयात्री सबैभन्दा बढी जोखिममा रहेको देखाएको छ । एक त सवारीसाधनको लापरबाही, त्यसमाथि पैदलयात्रीको बेपरबाहले उनीहरू थप जोखिममा देखिन्छन् ।

> यात्रुले सवारीसाधन आए/नआएको नहेरी बाटो काट्न खोज्ने, मोबाइलमा कुरा गर्दागर्दै बाटो काट्ने, बाटो काट्दा सवारीसाधनको वास्ता नगर्ने प्रवृत्ति पनि बढ्दो

ठाउँठाउँमा सडक खनिएकाले पनि यात्रुको आवागमनमा अवरोध हुँदा मूल सडकबाटै हिँड्नुपर्ने बाध्यताले पनि बटुवामा जोखिम बढ्छ । जेब्राक्रसिङमा गाडी नरोक्ने, यात्रुहरू बाटो काट्टा-काट्दै हतारमा सवारीसाधन अगाडि बढ्ने, छिटो जाने बहानामा लापरबाहीपूर्वक सवारीसाधन हाँक्ने प्रवृति चालकहरूमा पनि देखिएको छ । अझ मदिरा पिएर (मापसे गरेर) र लागुपदार्थ सेवन (लापसे) गरेर सवारीसाधन चलाउने चालकबाट त झन् बढी जोखिम छ । त्यसका अलावा पैदल या साइकल यात्रुहरूले पनि विशेष ख्याल नगर्दा दुर्घटनाको जोखिम बढाइरहेको पाइन्छ ।

यात्रुले सवारीसाधन आए/नआएको नहेरी बाटो काट्न खोज्ने, मोबाइलमा कुरा गर्दागर्दै बाटो काट्ने, बाटो काट्दा सवारीसाधनको वास्ता नगर्ने प्रवृत्ति पनि बढ्दो छ । चालकको लापरबाहीसँगै बटुवाले गाडीको गतिको ख्याल नगर्ने अवस्था पनि रहेको काठमाडौं जिल्ला प्रहरी परिसरका प्रहरी उपरीक्षक सीताराम रिजाल बताउँछन् ।

पैदल यात्रुको आफ्नै कारण र सवारी चालकको लापरबाहीबाट पैदल हिँड्नेहरू जोखिममा परेका पाइएको ट्राफिक प्रहरीको निष्कर्ष छ । त्यसैले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले पैदलयात्री र साइकलयात्री सचेता अभियान सञ्चालन गर्दै आएको छ । पैदलयात्रीमा ट्राफिक सचेतता अभिवृद्धि गर्न र ट्राफिक व्यवस्थापनमा सहजीकरण गरी दुर्घटना कम गराउन सेचतना अभियान जरुरी रहेको उक्त कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिएका छन् ।

उक्त अभियान विगतमा पनि सुरु गरिएर रोकिएकामा जोखिम पनि बढिरहेकाले पुनः थालिएको उनको भनाइ छ । वि.सं. २०७४ वैशाख र २०७६ पुसमा पनि जथाभावी सडक पार नगरौं भन्ने जनचेतनामूलक कार्यक्रम ट्राफिक प्रहरीले सञ्चालन गरेको थियो । त्यसबेला विभिन्न स्कुलका विद्यार्थी तथा सामाजिक संस्थाका प्रतिनिधिलाई सहभागी गराएर पैदलयात्रु सचेतना अभियान चलाइएको थियो । त्यसले सकारात्मक रूप लिएको थियो । बीचमा अभियान रोकिँदा फेरि अवस्था उस्तै बन्दै गएकाले पुनः अभियानलाई निरन्तरता दिइएको प्रवक्त भट्ट बताउँछन् ।

आकाशे पुल भएको स्थानमा आकाशे पुलबाट र जेब्राक्रस भएका स्थानमा जेब्राक्रसिङबाट मात्रै सडक वारपार गर्नुपर्छ तर पैदलयात्रुको जेब्राक्रस नभएको स्थानबाट समेत बाटो काट्ने गलत अभ्यास काठमाडौंमा कायमै छ । त्यसले पनि जोखिम बढाएको प्रहरीको जिकिर छ । यात्रुले भने आवश्यक स्थानमा जेब्राक्रसिङ नहुँदा दुःख पाउने गरेको गुनासो गर्दै आएका छन् ।

पैदलयात्रुमा बढ्नसक्ने जोखिमलाई ध्यान दिएर काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जेब्राक्रसिङ तथा आकाशेपुलबाट सडक पार गर्न र साइकल चालकलाई ट्राफिक नियमसम्बन्धी जनचेतना फैलाउन 'पैदलयात्री सचेतता अभियान' सुरुआत गरिएको जनाएको छ । जेब्राक्रसिङ तथा आकाशे पुल प्रयोग गरौं भन्ने 'प्ले कार्ड' नै देखाएर ट्राफिक प्रहरीले उपत्यकाका विभिन्न चोक-चोकमा (बाँकी पृष्ठ २ मा)

# घरबहाल विवरण बुझाउने न्यून

**काठमाडौं–** यदि तपाईंले घर, कुनै भवन, जग्गा वा पसल भाडामा लगाउनुभएको छ भने त्यसबापत तपाईंले स्थानीय तहलाई निश्चित कर बुझाउनुपर्छ ।

घरबहालमा बस्नेसँग हुने आम्दानीको निश्चित रकम स्थानीय तहलाई बुझाउनुपर्छ । यसैलाई व्यवस्थित गर्न र घरबहाललाई कानुनी दायरामा ल्याउनका लागि काठमाडौं महानगरपालिकाको प्रयास प्रभावकारी हुन सकेको छैन ।

काठमाडौं महानगरपालिकाले गत फागुन २ मा निर्देशिका नै जारी गरी घरबहालमा दिनेलाई करको दायरामा ल्याउन गरेको प्रयास प्रभावकारी नदेखिएको हो । महानगरका अनुसार अहिले तीन/चार दिनमा एक/दुई जना मात्रै विवरण बुझाउन आउने गरेका छन् । महानगरले गत फागुन ३ मा 'घरबहाल व्यवस्था निर्देशिका २०७९' जारी गरेको थियो ।

महानगरका राजस्व विभाग प्रमुख ध्रुव काफ्लेका अनुसार हाल महानगरभित्र चार लाखभन्दा बढी घरबहालमा छन् । यी सबैलाई करको दायरामा ल्याउने महानगरको योजना छ । ' गत आर्थिक वर्षमा ३९ हजार करको दायरामा आउनुभएको थियो,' काफ्लेले भने, 'चालु आवको फागुनसम्म जम्मा नौ हजार २०० ले मात्रै विवरण बुझाउनुभएको छ ।'

महानगरभित्रका सबैलाई करको दायरामा ल्याउने योजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने उद्देश्यले निर्देशिकासँगै एक महिनाअघि ९० दिनको सार्वजनिक सूचनासमेत जारी भइसकेको छ । महानगरपालिकाले बहाल करबापत चालु आवमा दुई अर्ब रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको छ । जसमध्ये हालसम्म एक अर्ब ४८ करोड १३ लाख रूपैयाँ असुल भइसकेको राजस्व विभाग प्रमुख काफ्ले जानकारी दिए ।

'घरबहाल विवरण बुझाउनेको संख्या अहिले कम छ तर जेठ र असारमा कर तिर्न आउँदा यो संख्या बढ्ने अपेक्षा गरेका छौं,' उनले भने ।

**के छ निर्देशिकामा**

निर्देशिका अनुसार कुनैपनि घरधनीले घरभाडामा लगाउँदा वा घर खाली गराएकोबारको सूचना सात दिनभित्र वडा कार्यलयमा दिनुपर्छ । लिखित सम्झौताको एकप्रति सम्बन्धित वडा कार्यालय, एकप्रति घरघनी र अर्को एकप्रति भाडामा बस्नेले राख्नुपर्ने निर्देशिकामा व्यवस्था छ ।

सम्झौतामा बहाल रकम, तिर्नुपर्ने मिति, बहाल कायम रहने अवधि र अवधि थपबारे उल्लेख हुनुपर्छ । निर्देशिकामा मासिक तथा वार्षिक बहाल रकम तथा बहाल रकममा वृद्धि हुने भएमा सोसमेत उल्लेख हुनुपर्छ । निर्देशिका अनुसार बहालमा बस्नेले पनि प्रत्येक महिनाको ७ गतेभित्र बहाल रकम तिर्नुपर्छ ।

त्यसैगरी बहालमा बस्नेले घर छोड्नुपर्ने अवस्था आएमा ३५ दिनको पूर्वलिखित सूचना घरधनीलाई दिनुपर्नेछ भने त्यसको जानकारी वडा कार्यालयमा गराउनुपर्छ । भाडामा बस्नेले तोकिएको म्यादभित्र बहाल रकम बुझाउन नसकेमा १० प्रतिशत जरिवाना तिरी अर्को महिनाको मसान्तभित्र बुझाउनुपर्ने र तीन महिनाभित्र पनि रकम नतिरे सम्झौता स्वतः भंग भएर घर खालीसमेत गराउन सकिने व्यवस्था निर्देशिकामा छ ।

कुनै व्यक्तिले आफ्नो स्वामित्वमा रहेको भवन वा भवनको तला, कोठा पसल, वर्कसप, ग्यारेज, गोदाम, टहरा, कारखाना, घरजग्गा वा बहालमा दिइने जग्गा वा पोखरी बहालमा दिंदा सम्झौता गर्नुपर्छ । *रासस*

## हटचो २ वर्षे...

पृष्ठ १ बाट जारी

श्रम स्वीकृति प्रदान गर्दै आए पनि पछि दुई वर्षमा सीमित गरेको थियो ।

मलेसिया तथा खाडी मुलुकमा दुई वर्षको श्रम स्वीकृति दिने व्यवस्था भए पनि सरकारले दक्षिण कोरियाका लागि चार वर्ष, इजरायल र बेलायतको हकमा पाँच वर्षे करारपत्रको आधारमा श्रम स्वीकृति दिने प्रावधान छ ।

दुई वर्षे प्रावधानका कारण श्रम स्वीकृतिको अवधि समाप्त भएपछि मृत्यु, अंगभंग वा बिरामी भएका थुप्रै नेपालीले नेपाल सरकारबाट पाउने सुविधा लिन वञ्चित हुनुपरेको अवस्थामा यस निर्णयले राहत दिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । सरकारले गरेको निर्णय विदेश जाने कामदारको मात्र नभएर व्यवसायीका लागिसमेत खुसीको विषय भएको उनले बताए ।

## विश्वास परीक्षणको...

पृष्ठ १ बाट जारी

बालुवाटारमा बसेका बैठक निष्कर्षविहीन भयो । माओवादी सांसद शक्तिबहादुर बस्नेतका अनुसार बैठकमा एकल उम्मेदवार तयार गर्ने सन्दर्भमा सहमति जुटेन । नजुटेपछि फेरि बिहीबार (आज) बस्नेगरी नेताहरू बैठकबाट उठे ।

गठबन्धनबाट जसपाका रामसहाय र जनमत पार्टीकी ममता झा उम्मेदवार छन् । यसरी उपराष्ट्रपति निर्वाचनमा गठबन्धनमै दुई धार देखिनेगरी उम्मेदवार हुनुको असर प्रधानमन्त्री दाहालले लिने विश्वासको मतमा पर्ने अनुमानसमेत हुन थालेको छ ।

तर, दाहालले विश्वासको मत पाउने सम्भावना बढी देखिएको छ । कारण- सत्ताविमुख भएको कांग्रेसबाट राष्ट्रपति बनाएको, पहिले मन्त्रिपरिषद्मा सहभागिताको विषयलाई लिएर असन्तुष्ट जसपालाई उपराष्ट्रपति दिन लागेको र अर्को दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई एक वर्ष प्रधानमन्त्री र नेपालको दललाई नै राष्ट्रियसभा अध्यक्षसमेत दिनेगरी सहमति गरेका कारण विश्वासको मत पाउने सम्भावना बढी देखिएको हो ।

प्रतिनिधिसभामा कांग्रेसका ८८ जना सांसद छन् । सांसद डा. चन्द्र भण्डारी उपचाररत छन् । सांसद टेकबहादुर गुरुङ भ्रष्टाचार मुद्दामा दोषी ठहर भई निलम्बनमा परेका छन् । यसो हुँदा विश्वासको मत दिने कांग्रेस सांसदहरू ८६ जना हुने छन् । माओवादीका ३२ जना, जसपाका ११ जना र एकीकृत समाजवादीका १० जना छन् । यी चार दलका मात्रै सांसद संख्या १३९ जना छन् । यो तथ्यांकअनुसार यदि गठबन्धनभित्रका साना दलहरू जनमत, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) उपराष्ट्रपति निर्वाचनलाई लिएर असन्तुष्ट भए पनि दाहालले विश्वासको मत पाउनसक्ने देखिएको हो ।

तर, यदि प्रधानमन्त्री दाहालले विश्वासको मत नपाएको अवस्थामा भने उनी स्वतः पदमुक्त मात्रै हुने छैनन्, देश मध्यावधि निर्वाचनतिर पनि जानेछ । किनभने उनी संविधानको धारा ७६ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गरी प्रधानमन्त्री भएका हुन् । उनले विश्वासको मत नपाएको अवस्थामा भने उपधारा (३) अनुसार सबैभन्दा बढी प्रतिनिधिसभा सदस्य भएको पार्टीका संसदीय दलका नेताले सरकार बनाउनेछ । त्यो भनेको कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा हो । त्यस्तो अवस्थामा उनले पनि विश्वासको मत ३० दिनभित्र नपाए देश मध्यावधि निर्वाचनमा संविधानतः जाने संवैधानिक कानुनका जानकारहरू बताउँछन् ।

# आजदेखि कामपाको सबै वडामा नि:शुल्क कानुनी परामर्श सेवा

**काठमाडौं–** काठमाडौं महानगरपालिकाका सबै वडामा आजदेखि निःशुल्क कानुनी परामर्श सेवा सुरु हुने भएको छ । नेपाल ल क्याम्पससँग गत माघ १७ गते सम्पन्न सम्झौताका आधारमा उक्त क्याम्पसले खटाएको विद्यार्थीले प्रत्येक वडामा पुगेर सेवा दिने छन् । सेवामा जानुअघि बुधबार उनीहरूलाई सम्पादन गर्नुपर्ने कामका विषयमा जानकारी गराइएको छ । सेवा उपलब्ध गराउनका लागि ल क्याम्पसबाट आएका विद्यार्थीलाई १६ बुँदे कार्य विवरणपत्र दिइएको छ ।

त्यसका लागि क्याम्पसबाट आएका स्नातक र स्नातकोत्तर तहका ५० जना विद्यार्थी छनोट भएका छन् । तीमध्ये हरेक वडामा एक जनाका दरले ३२ जना र केन्द्रमा तीन जना विद्यार्थी परिचालन गरिने कामपाको भनाइ छ । बाँकी १५ जनालाई वैकल्पिक सूचीमा राखिएको छ ।

कामपाका सूचना अधिकारी वसन्त आचार्यका अनुसार महानगरको निःशुल्क कानुनी सेवा जनमैत्री प्रशासन सञ्चालनको अभ्यास हो । यसप्रकारको अभ्यास यसअघि गरिएको छैन । यस्तो अभ्यास अन्य पालिकाले पनि गरेका छैनन् । यसको सिकाइबाट आगामी दिनमा एउटा मार्गचित्र कोरिनेछ ।

सेवा प्रदान गर्नका लागि हरेक वडामा निःशुल्क कानुनी परामर्श सेवा कक्ष स्थापना गरिएको छ । कक्ष सञ्चालनका लागि आवश्यक पर्ने टेबल कुर्सी, सेवाग्राही बस्ने ठाउँ, आवश्यक पर्ने शैक्षिक सामग्री वडाले व्यवस्था गर्नेछ । सम्पादित कामको जानकारी र आपसी अनुभव तथा सिकाइ आदानप्रदान गर्नका लागि इन्टरनेटमा आधारित समूह निर्माण गरिनेछ ।

सेवाग्राहीको तर्फबाट पेस गर्नुपर्ने निवेदन, उजुरी, फिरादपत्र, प्रतिउत्तर पत्र, लिखित जवाफ, मिलापत्रको मस्यौदा गर्ने, कानुनी व्यवस्था र प्रक्रियाका बारेमा मौखिक वा लिखित जानकारी दिनु सेवाको मुख्य उद्देश्य रहेको बताइएको छ ।

त्यसैगरी वडा तहमा सञ्चालन हुने मेलमिलाप केन्द्र र वडा महिला सञ्चालनमा आवश्यक सहयोग गर्ने, जनप्रतिनिधि वा वडासचिवले तोकेका अन्य कार्यक्रममा सहभागिता जनाउने सहयोग गर्ने विद्यार्थीका मुख्य काम रहनेछ । त्यसैगरी यही चैत १५ र १६ गते सञ्चालन हुने न्यायिक समिति राष्ट्रिय सम्मेलनमा ती विद्यार्थीलाई परिचालन गरिनेछ ।

'अन्य पालिकामा भन्दा कामपाको सेवा प्रवाह फरक छ,' कामपा प्रशासन विभागका प्रमुख दीपक अधिकारीले भने, 'स्थायी बसोबास भएका र अस्थायी बसोबास भएका दुवै प्रकृतिका सेवाग्राहीलाई सेवा दिनुपर्छ । सेवामा प्रशासनिक, कानुनी र व्यावहारिक सबै पक्ष हुन्छन् । यसबेला अवस्था बुझेर सेवा दिनुपर्छ ।' *रासस*

# उपराष्ट्रपति निर्वाचनमा दुई प्रकारको मतपत्र

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले उपराष्ट्रपति निर्वाचन, २०७९ को मतपत्रको नमूना सार्वजनिक गरेको छ । उक्त निर्वाचनका लागि दुई प्रकारको मतपत्रको व्यवस्था गरिएको छ ।

संघीय संसद्का सदस्यले मतदान गर्ने प्रयोजनका लागि रातो मसी र प्रदेशसभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि हरियो मसीले मतपत्र छपाइ गरिएको छ । मतपत्रमा उम्मेदवारको तस्बिर र नाम समावेश गरिएको छ । उपराष्ट्रपतिको निर्वाचनमा अष्टलक्ष्मी शाक्य (बोहरा), प्रमिला कुमारी, ममता झा र रामसहायप्रसाद यादव गरी चार उम्मेदवार छन् ।

संघीय संसद् र प्रदेशसभाका सदस्यले मतपत्रमा रहेका कुनै एक उम्मेदवारको तस्बिर र नाम अंकित रहेको कोठामा स्वस्तिक छाप लगाई मत संकेत गर्नुपर्ने छ । उपराष्ट्रपतिको निर्वाचनमा संघीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहेका छन् । संघीय संसद् सदस्यको मतभार ७९ र प्रदेशसा सदस्यको मतभार ४८ रहेको छ । यही चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन हुँदै छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONG WANG BATTERYMANUFACTURER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/01 | LT. No. : 282608 | चलानी नं.: ६०१९८१५१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : T-T.R.W INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/01 | LT. No. : 282639 | चलानी नं.: ६०१९८१५०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Workers | 8 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458

E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com


## दूधको मूल्यमा...

पृष्ठ १ बाट जारी

दूध उत्पादन गर्ने किसानहरुलाई जुन मात्रामा मूल्यवृद्धि गरेको छ, सोही मात्रामा उपभोक्तालाई मूल्यवृद्धि गर्नुपर्ने थियो । तर, त्यसो हुन सकिरहेको छैन । दूधको मूल्यवृद्धि हुनुभन्दा अगाडिसम्म उपत्यकामा प्रतिलिटर १०० रुपैयाँमा बिक्री भइरहेको मूल्य सरकारले नौ रुपैयाँ किसानहरुलाई बढाउँदा उपभोक्तालाई भने व्यापारीहरुले २० रुपैयाँ मूल्यवृद्धि गरेका छन् । उपभोक्ताहरु यसरी ठगिँदा पनि उपभोक्तावादी संघसंगठनहरु भने मौन देखिन्छन् ।

किसानहरुले दूध उत्पादन गर्दा पर्ने लागत मूल्यका आधारमा किसानहरुलाई मर्का नपर्ने गरी र लागत मूल्यभन्दा केही फाइदा हुने किसिमले मूल्यवृद्धि गर्न सरकारलाई मन्त्रालयले सिफारिस गरेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाश सञ्जेलले जानकारी दिए । उनले भने, ' हामीले किसानहरुले पाउनुपर्ने मूल्यवृद्धि गर्न मन्त्रिपरिषद्मा सिफारिस गर्ने हो उपभोक्ताको खरिद मूल्य तोक्ने कार्य मन्त्रालयको अधिकार क्षेत्रमा पर्दैन ।'

अहिले किसानलाई नौ रुपैयाँ दूधको मूल्यवृद्धि हुँदा व्यापारीले २० रुपैयाँभन्दा बढी रकम उपभोक्ताहरुबाट असुल्ने कार्य गरिरहँदा पनि सम्बन्धित निकाय मौन देखिन्छ । *(प्रशिक्षार्थी पत्रकार)*

## पैदलयात्रीका...

पृष्ठ १ बाट जारी

बसेर उक्त अभियानको सुरुआत गरेको प्रवक्ता भट्ट बताउँछन् ।

उक्त अभियानअन्तर्गत सोमबार ६३७ पैदलयात्रीलाई ट्राफिक प्रहरीले सचेत गराएको थियो । अभियानका क्रममा काठमाडौंको न्युरोड, बालकुमारी, जडीबुटी, ललितपुरको सातदोबाटो र जावलाखेल, भक्तपुरको सल्लाघारी र गट्ठाघरमा रहेको आकाशेपुलबाट पैदलयात्रुलाई सडक वारपार गर्न लगाइएको थियो ।

यस्तै ट्राफिक प्रहरीले रेडलाइट क्रस गर्ने, जेब्रा क्रसिङमा रोक्ने, फुटपाथमा साइकल चलाउनेलगायत विविध ट्राफिक नियम उल्लंघन गर्ने १९३ साइकलका चालकलाई पनि सचेत गराएर पठाएको थियो । काठमाडौंको कमलपोखरी, थापाथली, बल्खु, बूढानीलकण्ठ, नयाँ बसपार्क, नागढुंगा, बौद्ध र भक्तपुरमा साइकलयात्रीलाई सचेतना शिक्षा दिइएको छ ।

ट्राफिक नियम पालना गर्दै सवारीसाधन चलाउन सबै सडक प्रयोगकर्तामा प्रवक्ता भट्ट अनुरोध गर्छन् । *रासस*


### कम्पनीको नाम परिवर्तन, नियमावली संशोधन ठेगाना परिवर्तन शेयर लगत अभिलेखको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/१२/०२**

यस कम्पनीको मिति २०७५/१०/१६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **कालिगण्डकी प्रोपर्टि डेभलपर्स प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **जेन होम स्टे प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जेन होम स्टे प्रा.लि. (प्रा.लि.नं.६८५५२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/१२/०२

यस कम्पनीको मिति २०७९/०७/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सूर्यतारा श्री सिने प्रा.लि. (प्रा.लि. नं. ४९३३७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/२५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सूर्यतारा श्री मिडिया प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### काठ बिक्री लिलाम सम्बन्धी १० दिने सूचना

तेस्रो पटक प्रकाशित २०७९/१२/०२ गते

यस सामुदायिक बन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७८/२०७९ मा सकंलन गरी समूहको घाटगद्दीमा भएको गोलिया काठ/ दाउरा यश समूहका उपभोक्ता सदस्यहरुमा खपत नभइ छिमेकी समूहका उपभोक्ताहरुलाइ आन्तरिक खपत भै बाँकी रहेको काठको लागि यस समूहबाट सूचना प्रकाशित गर्दा समेत कोहिकसैको निवेदन पर्न नआएको हुँदा समूहको घाटगद्दीमा मौज्दात रहेको अस्ना, साल, हल्दु, सिसौ, खयर, अन्य गरी विभिन्न ग्रेडको ६६५ थानको ४७३१.५७ क्युफिट काठ र साल दाउरा १ चट्टा, मिश्रीत दाउरा २ चट्टा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले मूल्य अभिवृद्धि करमा दर्ता भै वन पैदावर सम्बन्धी कारोबार गर्ने काष्ठ व्यावसायी व्यक्ति/ फर्म वा कम्पनी/ उद्योगले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ११ दिन भित्र यस सा.ब.उ.स.कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दीको बोलपत्र ११औं दिन ३:०० बजेभित्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स को कार्यालय तथा सम्बन्धी अन्य कार्यालयहरुमा समेत सूचना टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**श्री भगतपुर सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी न.पा. वडा नं. ९, कैलाली**

### माईजोगमाई गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**कोशी प्रदेश, ईलाम, नेपाल**

**माईजोगमाई गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश**

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । • खानेपानीका मुहानहरु सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । • चर्पीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । • जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछि नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# ‘उपभोक्ताको हक सुनिश्चित गर्न सबै पक्ष जिम्मेवार हुनुपर्छ’

■ प्रभाव संवाददाता

**ललितपुर–** उपभोक्ताको हकको सुनिश्चितताका लागि व्यवसायी, उपभोक्ता र नियमनकारी निकाय तीनै पक्ष जिम्मेवार हुनुपर्नेमा जोड दिइएको छ । विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा बुधबार ललितपुरमा आयोजित अन्तर्क्रियाका वक्ताहरूले उपभोक्ता अधिकारका लागि सबै पक्ष जागरुक र सक्रिय हुनुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले अधिकार प्राप्त गर्ने पक्ष जागरुक र सचेत नहुँदा ठगिने अवस्था आउन बताए भने । उनले उपभोक्ताको अधिकारका लागि व्यवसायीलाई मात्र गाली गर्ने भन्दा पनि व्यवसायी, उपभोक्ता र नियमनकारी निकाय नै जिम्मेवार हुनुपर्नेमा जोड दिए । उपभोक्ताको हकको सुनिश्चितताका साथै व्यवसायीको संरक्षण गर्नु नियमनकारी निकायको जिम्मेवारी हुने उनको भनाइ छ ।

प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले उपभोक्ताको अधिकार संरक्षणमा व्यवसायी, उपभोक्ता र नियमनकारी निकायको समान दायित्व रहेको बताए । ‘तीनै पक्षको समान भूमिका र बुझाइ आवश्यक छ । नियमन गर्नु हाम्रो दायित्व हो । हामीले अनुगमन गर्दा प्रदेशसँग समन्वय गरेर अनुगमन गर्छौं । अनुगमनका नाममा कसैलाई त्रसित बनाउने हाम्रो मनसाय छैन ।” प्रजिअ आचार्यले भने ।

विश्व उपभोक्ता अधिकार दिवस मार्च १५ को सन्दर्भमा जिल्ला प्रशासन कार्यालय ललितपुरको आयोजना र ललितपुर महानगरपालिकाको सहयोग तथा राष्ट्रिय उपभोक्ता मञ्च ललितपुरको सहजीकरणमा ‘सार्वभौम उपभोक्ता र नियमनकारी निकायको भूमिका’ विषयक अन्तर्क्रियामा उद्योग वाणिज्य संघका अध्यक्ष मनोजबहादुर न्याछ्योले अनुगमन गर्दा सम्बन्धित क्षेत्रको एक जना विज्ञ राख्नुपर्ने बताए । उनले पछिल्लो समय सहकारीले बचत फिर्ता नगर्दा समस्या भएको र चेक बाउन्सको समस्या धेरै भएको बताए ।

ललितपुर चेम्बरका अध्यक्ष पुष्परत्न शाक्यले केन्द्रीय, प्रदेश तथा स्थानीय तहका छुट्टाछुट्टै अनुगमन गर्ने संयन्त्र हुनुभन्दा एउटै भए राम्रो हुने तर्क गर्दै चाडपर्वमा मात्रै अनुगमन गर्ने पद्धति गलत भएको तर्क गरे । ललितपुर उद्योग वाणिज्य संघका महासचिव रूपकमान महर्जनले बाह्रै महिना बजार अनुगमन हुनुपर्ने बताउँदै अनुगमन गर्दा व्यवसायी सचेतना कार्यक्रम गर्नु आवश्यक रहेको बताए ।

साना तथा घरेलु उद्योग कार्यालय ललितपुरकी उद्योग अधिकृत भूमिका ओझाले व्यवसायीमा कानुनी चेतनाको अभाव भएको बताउँदै अनुगमन गर्दा सम्झाएर नटेरेको खण्डमा मात्रै जरिवाना गर्ने गरेको बताए । *रासस*

# नक्कली लाइसेन्स बनाउने व्यक्ति पक्राउ

**काठमाडौं (प्रस)–** सवारीसाधनको नक्कली सवारी चालक अनुमतिपत्र (लाइसेन्स) बनाएर प्रयोग गर्ने र बैंकिङ कसुरमा दोषी ठहर भई फरार रहेका दुई व्यक्तिलाई प्रहरीले पक्राउ गरिएको हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले नक्कली सवारी चालक अनुमतिपत्र बनाएर प्रयोग गर्ने पर्साको वीरगञ्ज महानगरपालिका–२५ घर भई काठमाडौं बस्ने २४ वर्षका पारस शाहलाई पक्राउ गरेको हो ।

केही व्यक्तिले लिखत कीर्ते गरी विभिन्न वर्गका नक्कली सवारी चालक अनुमतिपत्र बनाई प्रयोग गर्दै आइरहेको छ भन्ने सूचनाका आधारमा अनुसन्धान तथा खोजतलास गर्दा शाह पक्राउ परका हुन् । शंका लागेर उनको शरीर खानतलासी गर्दा ‘ई’ वर्गको लाइसेन्सलाई ए, बी र ई वर्गको नक्कली सवारी चालक अनुमतिपत्र बनाई प्रयोग गरेको फेला परेको कार्यालयका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए । उनका अनुसार शाहलाई लिखत कसुरमा अनुसन्धान तथा थप कारबाहीका लागि बुधबार प्रहरी वृत्त गौशालामा बुझाइएको प्रहरीले जनाएको छ ।

यस्तै कार्यालयले बुधबार नै बैंकिङ कसुर मुद्दाका फरार धादिङको गङ्गा जमुना गाउँपालिका–६ घर भई हाल काठमाडौंको बूढानीलकण्ठ नगरपालिका–६ बस्ने ५० वर्षीय पुरनबहादुर घलेलाई बुधबार पक्राउ गरेको छ । उनी बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटन ललितपुरको २०७९ पुस २४ गतेको फैसलाले ३६ लाख ८८ हजार रूपैयाँ पीडितलाई बिगो भराइ ३६ लाख ८८ हजार रूपैयाँ जरिवाना, एक लाख ४७ हजार रूपैयाँ क्षतिपूर्ति शुल्क भराउनुका साथै आठ दिन कैद सजाय ठहर भई फरार रहेका थिए ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रहरी टोलीले काठमाडौंले पक्राउ गरी फैसला कार्यान्वयनका लागि बुधबारै ललितपुर जिल्ला अदालतमा बुझाएको प्रहरी उपरीक्षक राठौरले जानकारी दिए ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त **श्री मेमोसा ओभरसिज प्रा.लि. (ई.प.नं.९४८)**, को **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०९**, मा रहेको कार्यालयको साविकको ठेगाना परिर्वतन गरि **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२**, कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको कार्यालयको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिर्वतन, नियमावली संशोधन पूँजी बृद्धि शेयर लगत अभिलेदको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९/१२/०२**

यस कम्पनीको मिति २०७५/१०/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **श्रमिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **श्रमिक इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/११/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्रमिक इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.(प्रा.लि.नं.२५२४५९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SAYED KADHEM AL DURAZI & SONS B.S.C(C)**

पूर्व स्वीकृति मिति : २०७९।०५।१५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT. No: 270436 | चलानी नं.: ६०१८६४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Block & Plaster Mason | 30 | 0 | 120 | ४०,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver | 30 | 0 | 150 | ५०,५८० | | | | | | | |
| 3 | Labour | 70 | 0 | 100 | ३३,७२० | | | | | | | |
| 4 | Shuttering Carpenters | 30 | 0 | 120 | ४०,४६५ | | | | | | | |
| 5 | Steel Fixer | 30 | 0 | 120 | ४०,४६५ | | | | | | | |
| 6 | Tile Mason | 10 | 0 | 120 | ४०,४६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान, मिति र सम्पर्क नं:**
ईटहरी -(London Hotel, Dharan Road) मा चैत ९/ 23rd Mar 2023 मा हुनेछ । 9801116673/ Urmila Rai, 9817924154/9802708566
झापा, बिर्तामोड - (Office, Aathisadan road)मा चैत १०/ 24th Mar 2023 मा हुनेछ । 980-3828661
काठमाण्डौ - Green Hill Overseas Pvt. Ltd. )मा चैत १२/ 26th Mar 2023 मा हुनेछ ।, Bijay Chowk, 9851014815

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN HILL OVERSEAS PVT. LTD.**
Greenhill Overseas
श्रम ईजाजत नं. 1536/078/79
Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818863167, 9749419416
Email:greenhilloverseas5@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL BUNYAN ALMUTAQADIM OPERATION AND MAINTENANCE EST.**

पूर्व स्वीकृति मिति २०७९/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT. No. 263087 | चलानी नं. ६०१७९३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 16 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पूर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 89 | 900 | ३२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Event Planner | 0 | 20 | 1200 | ४३,४०५ | | | | | | | |
| 3 | Follow Up Clerk | 0 | 20 | 1200 | ४३,४०५ | | | | | | | |
| 4 | Waiter | 0 | 70 | 1000 | ४३,४०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com



## कुवेत/रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZAHRAT AL RAYHAN LADIES BEAUTY SALON CO.**

पूर्व स्वीकृति मिति : २०७९/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT. No. 277882 | चलानी नं.६०१९३४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 3 | 150 | ६४,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 3 | 150 | ६४,७३५ | | | | | | | |
| 3 | Nail Technician | 0 | 3 | 150 | ६४,७३५ | | | | | | | |

कम्पनी : **TNS CONSULTING JOBS AGENCY SRL**

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT. No. 279184 | चलानी नं.६०१९४८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Helper | 100 | 0 | 600 | ७८,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeper | 0 | 20 | 550 | ७१,९८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MJ INTERNATIONAL RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT. No. 272271 | चलानी नं. ६०१८६७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 10 | 0 | 150 | ६२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 6 | 0 | 150 | ६२,२१५ | | | | | | | |
| 3 | Waitress | 0 | 6 | 150 | ६२,२१५ | | | | | | | |
| 4 | Chef | 10 | 0 | 150 | ६२,२१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 97411877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **M A C S DRIVE TRANSPORTATION L.L.C.**

पुर्व स्वीकृति मिति २०७८/०९/३० | पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ | LT No.255896 | चलानी नं.६०१७२७४४

राजनीति र कर्मचारीतन्त्रलाई व्यंग्य गर्दै राजनीतिमा हुने गुण्डागर्दी, योग्यलाई भन्दा आफ्नालाई टिकट, युवा र पुराना नेतृत्वबीचको लडाइँ, राजनीतिक खिचातानीलगायत विषयलाई चलचित्रमा समेटिएको छ । बढ्दो पपुलिष्ट, युट्युबकारिता, साइबरसेना, विवाहेत्तर सम्बन्धलगायत थुप्रै विषयलाई समेटेको 'छक्का पञ्जा ४' मूल मुद्दाको गहिराइमा भने पुगेको छैन ।

शृंखला थपिँदै जाँदा सामाजिक विषयवस्तुमार्फत दर्शकसम्म पुग्नु अभिनेता गिरीसहित टोलीको प्रशंसनीय कार्य हो । लक्ष्य र द्वन्द्व दुवै नभएपछि दृश्यको थुप्रो मात्र रहेको आभाष दिने उक्त चलचित्रमा अभिनेता गिरीको हिरोगिरीले दीर्घकालीन असर गर्ने सम्भावना बढ्दो छ । कमजोरीका बीच पनि मनोरञ्जनबाहेक केही लिनु छैन भन्छन् भने यसले मनोरञ्जन दिन्छ । मनोरञ्जन 'सस्तो रमाइलो' बनेको छ ।

### संवाद हटाउन निवेदन

फागुनदेखि प्रदर्शन भइरहेको चलचित्र 'छक्का पञ्जा ४' मा सहकारीसम्बन्धी समावेश संवाद हटाउन राष्ट्रिय सहकारी महासङ्घले माग गरेको छ । सोमबार चलचित्र विकास बोर्डमा निवेदन बुझाउँदै महासङ्घले सहकारी क्षेत्रको विश्वसनीयतामाथि नै प्रश्न उठाउने खालको संवाद प्रयोग भएकामा आपत्ति जनाइएको छ । महासङ्घका अध्यक्ष मीनराज कँडेलद्वारा हस्ताक्षरित निवेदनमा सहकारीसम्बन्धी लाञ्छनायुक्त एवं नारी अस्मितामा खलल पुग्ने संवाद रहेको हुँदा यसले विश्वसनीयतामाथि प्रश्न उब्जिने जनाउँदै कपोलकल्पित, भ्रामक, तथ्यहीन संवादको घोर भर्त्सना गर्दै भ्रम सिर्जना हुने उक्त संवाद तत्काल हटाउन अनुरोध गरिएको छ ।

केही दिनअगाडि सहकारी सञ्चालक तथा कलाकार मधुसूधन पाठक (सिते बा)ले सहकारीको विषयमा अतिरञ्जित हिसाबले राखिएको संवादप्रति घोर आपत्ति जनाउँदै अध्ययन बिना प्रयोग गरिएको संवाद सही नभएको बताएका थिए । यस विषयमा आधिकारिक रूपमा जानकारी नआएको निर्माता निर्मल शर्माले जानकारी दिए । 'हामी यस विषयमा आपसमा छलफल गरेर मात्र आफ्नो धारणा सार्वजनिक गर्नेछौं, प्रक्रियागत रूपमै अगाडि बढ्ने छौं', निर्माता शर्माले भने । उनले चलचित्रले घरेलु बक्सअफिसमै रु १२ करोड बढीको ग्रस कलेक्सन गरिसकेको जानकारी दिए । निर्माता शर्माले भने, ' व्यापारभन्दा पनि दर्शकको विश्वास बढाउनु थियो, दर्शकको प्रतिक्रियाले उत्साहित भएका छौं, यसको शृफ्लालाई अगाडि बढाउन हौसला मिलेको छ ।' उहाँले 'छक्का पञ्जा ५' बन्ने स्पष्ट संकेत गरे ।

# मगर संघ संस्थापक अध्यक्ष पुनको नाममा अक्षयकोष स्थापना



■ प्रभाव संवाददाता

**काठमाडौं–** मगर संघ नेपाल संघका संस्थापक अध्यक्ष स्व.हेमबहादुर पुन मगरको नाममा अक्षयकोष स्थापना भएको छ । केही दिनअघि मगर संघ हङकङले संघको ४१औं स्थापना दिवशको अवसरमा एक कार्यक्रमबीच अक्षयकोष स्थापनाको घोषणा गरेको हो ।

संस्थापक अध्यक्ष पुनले पहिलोपटक मगरहरूलाई एकजुट बनाउन संघ स्थापना गरेका थिए । उनले मगर समुदायमा पुऱ्याएको योगदानको कदर गर्दै आफूहरूले अक्षयकोष स्थापना गरेको मगर संघ हङकङका अध्यक्ष हर्कप्रसाद राना मगरले बताए ।

मगर संघ हङकङका अध्यक्ष राना मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा स्व.हेमबहादुर पुन मगरको सम्झनामा शिक्षा र स्वास्थ्य शीर्षकमा अक्षयकोष स्थापनाको घोषणा गरिएको हो । उक्त अक्षयकोष शिक्षा तथा स्वास्थ्य शीर्षकमा खर्च गरिने अध्यक्ष हर्कप्रसाद मगरले बताए । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि पूर्ण दर्लामी मगरले गरेका थिए । संघका उपाध्यक्ष शिला राना मगरले स्वागत मन्तब्य राखेको र्कार्क्रममा संस्थापक स्व. हेमबहादुरको तस्बिरमा पुष्पाअर्पणसमेत गरिएको थियो ।

कार्यक्रममा नेपाल वैदेशिक शाखाका सचिव नीता थापा मगर, अल्पसंख्यक हङकङका अध्यक्ष शिला धमला, भातृ संस्था पुन मगर समाज हङकङका पूर्वअध्यक्ष जसबहादुर चोचाङ्गी पुन मगर, जातीय संस्थाबाट तमु समाज हङकङका अध्यक्ष नरेन्द्र गुरुङ, जनसम्पर्क समिति हङकङका सभापति काजी गुरुङका आलाव प्रमुख अतिथि पुर्ण दर्लामी मगर र संस्थाका अध्यक्ष हर्कप्रसादले आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा तमु समाज हङकङको तेस्रो अधिबेसनबाट निर्वाचित नरेन्द्र गुरुङलाई सम्मान गरिएको थियो । संस्थाका महासचिव झलक थापा मगरले सञ्चालन गरेको कार्यक्रममा चर्चित कलाकार प्रकाश सपूत र ताराश्रीष मगरलगायतका कलाकार मनोरञ्जन प्रदान गरेका थिए ।

## रंगशाला

**आइसिसी विश्वकप लिग-२**

# अग्निपरीक्षामा नेपाल

■ प्रभाव संवाददाता




**काठमाडौं–** आज आइसिसी विश्वकप लिग २ को अन्तिम खेल हुँदैछ । ७ टिम सम्मिलित चार वर्षदेखि चलिरहेको लिगमा हरेक टिमले ३६/३६ खेल खेल्दै सम्पन्न हुने लिगमा अन्तिममा नेपाल र युएई भिड्दै छन् ।

राजधानीको कीर्तिपुरस्थित त्रिविको खेल मैदानमा हुने लिगकै अन्तिम खेल नेपालका लागि अग्निपरीक्षा समान हुने देखिएको छ । लिगका टप तीन मुलुकहरूले विश्वकप छनोटका लागि स्थान बनाउनेछन् । सोही अनुरूप स्कटल्याण्ड र ओमानले आफ्नो स्थान बनाइरहेका छन् भने अन्तिम खेलमा युएईविरुद्ध जित हात पारेमा नेपालले पनि सो स्थान बनाउनेछ ।

युएईविरुद्धको खेल नेपालका लागि ऐतिहासिक मात्र नभई निर्णायक पनि हुने देखिएको छ। यदि नेपालले जित हात पार्न नसकेको खण्डमा नामिबियाले छनोटमा स्थान बनाउनेछ। त्यसैले नेपाल र युएईबीचको खेल नेपालका लागि मात्र नभई नामिबियाका लागि पनि अति महत्वपूर्ण मानिएको छ ।

नेपाल पछिल्लो समय उच्च लयमा देखिएको छ । पछिल्ला ११ खेलमा १० वटा खेलमा जित हात पारेको नेपालले यसअघि कीर्तिपुर मैदानमै भएको खेलमा पनि युएईलाई पराजित गरिसकेको छ। पछिल्ला दिनमा उच्च प्रदर्शन गरेको नेपालका लागि युएई नयाँ र बलियो प्रतिस्पर्धी नभए पनि खेलमा जे पनि हुनसक्ने भएकोले एकमात्र जित्ने लक्ष्यसहित मैदानमा उत्रने छ ।

युएई भने नेपालसँगकै यसअघिको पराजयको कारण एकदिवसीय मान्यताबाट बञ्चित भएको अवस्था भएकोले मनोबैज्ञानिक रूपमा कमजोर महसुस देखिए पनि बुधबारको खेलमा पपुवान्युगिनीविरुद्ध प्रभावशाली जित निकालेसँगै मनोबल उच्च रहेको हुनसक्छ ।

पछिल्लो समय नेपाली क्रिकेट टिममा फरक फरक खेल जिताउन सक्ने खेलाडीहरू देखिएकोले बिहीबारको खेलमा पनि को नेपालका लागि नायक बन्ने हुन् त्यो प्रतिक्षाकै विषय देखिएको छ । पछिल्ला २ खेलमा टिममा समावेश भएका ललितनारायण राजवंशी र सन्दीप लामिछानेको बलिङलाई युएईले सामना गर्नु निकै कठिन देखिने आंकलन गर्न सकिन्छ। त्यस्तै पछिल्लो समय नेपालको ब्याटिङ लाइनअपमा जुन खेलाडीले पनि उच्च प्रदर्शन गर्न सक्ने पछिल्लो ११ खेलमा देखिएको छ ।

युएईमाथि नेपालको कीर्तिपुरको मैदान नेपालका लागि भाग्यशाली देखिएको छ। कीर्तिपुरमा युएईविरुद्ध नेपालले एउटा पनि खेलमा पराजय भोग्नु नपरेको इतिहासलाई निरन्तरता दिने दाउमा नेपाली टिमका नयाँ प्रशिक्षक मोन्टी देसाई र उच्च लयमा रहेका कप्तान रोहित पौडेल देखिन्छन् ।

अहिलेसम्म सम्पन्न नेपालमा नेपालले ३५ खेलमा १८ मा जित हात पारेको छ भने १५ खेलमा हार ब्यहोर्दा २ खेलमा अंक बाँडेको छ।

त्यस्तै युएईले खेलेका ३५ खेलमा १५ खेलमा जित र १७ खेलमा हारका साथै ३ खेलमा अंक बाँडेको छ । यससँगै युएई अंक तालिकामा अन्तिमको पपुवान्युगिनीभन्दा एक स्थान माथि रहेको छ । अंक तालिकामा पपुवान्युगिनी सबैभन्दा अन्तिम स्थानमा रहेको छ ।

### सबै टिकट बिक्री

नेपाल र युएईबीचको खेलको सम्पुर्ण टिकट बिक्री भइसकेको छ। बिहीबार हुने खेलको सम्पुर्ण टिकट बिक्री भएको क्रिकेट सिरिजको टिकेटिङ पार्टनर माई पेले जनाएको छ । त्रिवि क्रिकेट मैदानको दर्शक क्षमता १६ हजार मानिएको छ । तर भिड व्यवस्थापनलाई लक्षित गरेर १२ हजार टिकट बिक्रीको तयारी गरिएको थियो ।

लिग डिभिजन टूमा उत्कृष्ट पुनरागमनसहित एकदिवसीय हैसियत बचाउन सफल बनेको नेपालको राष्ट्रिय क्रिकेट टिमले एक दिवसीय विश्वकपको छनोटका लागि बिहीबार प्रतिस्पर्धा गर्दैछ ।

डिभिजन टूमा एकदिवसीय हैसियत जोगाउन सफल बनेको नेपाल विश्वकप छनोटको समेत नजिक देखिएको छ । प्रतियोगिताको आयोजक नेपाल क्रिकेट संघ क्यानले दर्शकका लागि १ सय ५० रूपैयाँको टिकटको व्यवस्था गरेको थियो ।

**सूर्य नेपाल गल्फ टुर**

# सूर्यको कीर्तिमानी प्रदर्शन




■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गतको पाँचौ प्रतियोगिता, सूर्य नेपाल सेन्ट्रल ओपनको दोस्रो दिन नेपाल नम्बर एक गल्फर शुक्र बहादुर राईले कीर्तिमानी प्रदर्शन गरेका छन् । ११-अन्डर ६१ को उम्दा प्रदर्शनमा शुक्रले गोकर्ण गल्फ क्लबमा नयाँ कोर्ष रेकर्ड कायम गरेका हुन् । सुर्य नेपाल मास्टर्स दौरान तीन भारतीय खेलाडी चिक्कारङ्गापा एस, अभिजत सिंह चड्डा र समिम खानले १०-अन्डर ६२ खेल्दै रेकर्ड बनाएका थिए । उक्त रेकर्ड १० बर्षपछि शुक्रले तोडेका हुन् ।

गोकर्ण गल्फ क्लबमा दोस्रो दिन ११-अन्डर ६१ खेल्दै समग्रमा १८-अन्डर १ सय २६ को सानदार नतिजामा शुक्रले भुवन नगरकोटीलाई ३ स्ट्रोकले पछि पारे। ९-अन्डर ६३ को उत्कृष्ट स्कोरमा भुवन समग्रमा १५-अन्डर १ सय २९ सहित दोस्रो स्थानमा रहेका छन् । ९-अन्डरको स्कोरमा उनले शिवराम श्रेष्ठको रेकर्ड बराबरी गरे ।

एमेच्योर खेलाडी सदभाव आचार्यले ३-अन्डर ६९ खेल्दै समग्रमा ३-अन्डर १ सय ४१ को स्कोर सहित तेस्रो स्थानमा उक्लिएका छन् । नम्बर एक एमेच्योर खेलाडी सुबाश तामाङ र प्रोफेसनल खेलाडी जयराम श्रेष्ठ १-अन्डर १ सय ४३ सहित संयुक्तरूपमा चौथो स्थानमा रहेका छन् । सुबाशले १-अन्डर ७१ र जयरामले ३-ओभर ७५ मा दोस्रो दिनको खेल सकाए ।

यसैगरी १-ओभर ७३ स्कोर गर्दै समग्रमा इभन-पार १ सय ४४ सहित निरज तामाङ छैटौं स्थानमा रहेका छन् । २-अन्डर ७० जोड्दै समग्रमा १-ओभर १ सय ४५ सहित भुवन कुमार रोक्का सातौ स्थानमा रहे । यस्तै टंक बहादुर कार्की र शिवराम पौडेलले २-ओभर १ सय ४६ सहित संयुक्तरूपमा आठौं स्थान बाँडे । टंकले १-अन्डर ७१ र शिवरामले १-ओभर ७३ स्कोर जोडे ।

प्रोफेसनल गल्फर्स एसोसिएसन नेपालको आयोजना र सुर्य नेपाल प्रा लिको प्रायोजनमा जारी प्रतियोगितामा एमेच्योर युवराज भुजेल र प्रो सञ्जय लामा ३-ओभर १ सय ४७ को नतिजामा संयुक्तरूपमा दशौं स्थानमा रहेका छन् ।

३६ होलको समाप्तीमा १३-ओभर सम्म खेल्ने २१ प्रो र ७ एमेच्योर गरी कुल २८ खेलाडीले कट बनाएका छन् । प्रो दिनेश प्रजापतिसँगै रामे मगर, प्रदीप कुमार लामा, राजेन्द्र श्रेष्ठ प्रधान, रमेश अधिकारी, बलभद्र राई, सञ्जोक मोक्तान, राम कृष्ण श्रेष्ठ, रबि खड्का, दीपक मगर, कमल तामाङ, सुर्य प्रसाद शर्मा र किसन कालीराज सुनारले कट बनाए । एमेच्योरतर्फ सद्भाव र सुबाशसँगै युवराज भुजेल, टासी छिरिङ, सुरेश तामाङ, निश्चय जङ्ग रायमाझी र क्याप्टेन नोर्बु शेर्पाले पनि अन्तिम दुई दिनको लागि स्थान सुरक्षित गरे ।

करियरकै उत्कृष्ट प्रदर्शन गर्ने क्रममा शुक्रले फ्रन्ट नाइट ५-अन्डर ३१ मा पुरा गरे। पहिलो, दोस्रो र नवौं होलमा बर्डी प्रहार गर्दा ५-पारको सातौ होलमा इगलको सफलता प्राप्त गरे । ब्याक नाइनमा पनि सानदार प्रदर्शनलाई निरन्तरता दिए । बोगी रहित खेल्ने क्रममा ११औं, १३औं, १४औं र १५औं होलमा एक-एक सट बचाउँदा १२औं होलमा इगल प्रहार गरे । ब्याक नाइन ६-अन्डर ३० मा सकाए। रेकर्ड स्कोर गर्दा पनि शुक्रलाई भुवनले दबाब भने दिएका छन्।

भुवनले लोभलाग्दो प्रदर्शन गर्दै फ्रन्ट नाइन ८-अन्डर २८ मा सकाए। यो क्रममा उनले दिनको सुरुवात बर्डीबाट गर्दै तेस्रो होलमा इगलको सफलता हात पारे । यसपछि चौथो देखि सातौं होलमा लगातार बर्डी प्रहार गरे भने नवौं होलमा पनि एक सट बचाए। फ्रन्ट नाइनमा कुल ६ बर्डी दर्ज गरे। ब्याक नाइन १-अन्डर ३५ मा पुरा गरे । १३औं होलमा एक सट खेर फाल्दा ११औं र १२औं होलमा बर्डी प्रहार गरे ।

एमेच्योर सदभावले फ्रन्ट नाइन २-अन्डर ३४ मा पुरा गरे । पहिलो होलमा बोगी खेपे पनि सम्हालिदै चौथो, छैटौ र सातौ होलमा बर्डी प्रहार गरे । यसपछि ११औं होलमा एक सट खेर फाल्दा १२औं र १८औं होलको बर्डीले ब्याक नाइन १-अन्डर ३५ मा सकाए । नम्बर एक एमेच्योर सुबाशले फ्रन्ट नाइन २-अन्डर ३४ र ब्याक नाइन १ ओभर ३७ मा पुरा गरे। उनले तेस्रो, पाँचौ, सातौ र बार्हौ होलमा बर्डी प्रहार गर्दा आठौ, एघारौं र पन्ध्रौं होलमा बोगी खेपे ।

कुल ८ लाख नगद पुरस्कार राशीको प्रतियोगितामा ३१ प्रोफेसनल र ९ एमेच्योर खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन् । प्रोफेसनलतर्फको विजेताले उपाधिसँगै १ लाख ४० हजार प्राप्त गर्नेछ । दोस्रो हुनेले ९० हजार र तेस्रो हुनेले ६७ हजार प्राप्त गर्नेछन्। यसैगरी चौथो र पाँचौं हुने खेलाडीले क्रमश ५५ हजार र ४७ हजार हात पार्नेछन् । साथै उत्कृष्ट २१ मा प्रतियोगिता सकाउने खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# पाकिस्तानका पूर्वप्रम खानका समर्थक र प्रहरीबीच झडप



**लाहोर–** पूर्वप्रधानमन्त्री इमरान खानलाई पक्राउ गर्न आएका प्रहरी र उनका समर्थकबीच यहाँस्थित खाननिवास अगाडि झडप भएको छ भने प्रमुख सहरमा प्रदर्शन भएका छन् । पूर्वप्रधानमन्त्री खानले पनि गिरफ्तारी दिन अस्वीकार गरेका छन् ।

गएराति पनि पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई)का कार्यकर्ता र सुरक्षाकर्मीबीच खानको जमान पार्कस्थित घरनजिक झडप भएको थियो । प्रहरी र अर्धसैनिक बलका जवानले अश्रुग्यास प्रहार गरेपछि खानका क्रुद्ध समर्थकहरूले ढुंगामुढाले प्रतिकार गरेका थिए । पिटिआईका एकजना कार्यकर्ताका अनुसार पानीको फोहरा र अश्रुग्यास प्रहार गर्दै आएका सुरक्षाकर्मीले गोलीसमेत हान्न थालेका बताएका छन् ।

गत वर्ष विश्वासको मत प्राप्त नभएपछि पदमुक्त भएका खानमाथि भ्रष्टाचारलगायत विभिन्न मुद्दा लगाइएको छ । उनले आमनिर्वाचनको माग गर्दै आएका छन् । सार्वजनिकरूपमा सरकारका कटु आलोचना गर्दै आएका उनीमाथि प्रधानमन्त्री हुँदा प्राप्त उपहार बेचेको तथा प्राप्त आम्दानी सार्वजनिक नगरेको आरोप लगाइएको छ । सोही विषयमा जानकारी दिन अदालतले उनलाई बोलाएको छ । अदालतको आदेश पालना नगरेकाले उनलाई पक्राउ गर्न आफूहरू आएको एक जना वरिष्ठ प्रहरी अधिकारीले एएफपीलाई बताए ।

इस्लामावाद प्रहरीका उपमहानिरीक्षक सैयद शहजाद नदीम बुखारीले अदालतको आदेश कार्यान्वयन गर्न नेता खानको घर आएको स्पष्ट गरेका छन् । पञ्जावका प्रहरी प्रमुख उस्मान अन्वरले अदालतको आदेशलाई जुनसुकै मूल्यमा पनि पालना गर्नुपर्ने बाध्यता रहेको बताए ।

पिटिआईका समर्थकहरूको एक समूहले दक्षिणी बन्दरगाह सहर कराँची र उत्तरपश्चिमको पेसावरमा पनि जुलुस निकालेका छन् । उनीहरूले सडक पनि अवरुद्ध पारेका छन् । कुनै समयका क्रिकेट सुपरस्टार ७० वर्षीय खानलाई हिरासतमा राख्ने प्रयास यसअघि पनि भएको थियो । उनीमाथि ज्यान मार्ने उद्देश्यका साथ गोली प्रहारसमेत भएको थियो । प्रधानमन्त्री शेहबाज सरिफको आदेशमा आफ्नो हत्या प्रयास गरिएको आरोप खानले लगाउँदै आएका छन् ।

पिटिआईका एक वरिष्ठ अधिकारीका अनुसार इस्लामावाद उच्च अदालतमा खानको गिरफ्तारी रोक्न रिट दायर गरिएको छ । उक्त रिटमाथि आजै सुनुवाइ हुने अपेक्षा गरिएको छ । गिरफ्तारी रोक्न अदालतबाट आदेश भएमा स्थिति स्वतः साम्य हुनेछ । पार्टीका पदाधिकारीहरूले लाहोरको अदालतमा पनि त्यस्तै रिट दायर गरेका छन् ।

राजनीतिक अस्थिरताका कारण निरन्तर शिथिल हुँदै गएको पाकिस्तानको अर्थतन्त्रलाई उकास्न अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रयास असफल भएका बेला अतिवादी समूहहरूले बेलाबेलामा गर्ने घातक आक्रमण एवं आत्मघाती हमलाबाट दक्षिण एसियाली निरन्तर प्रताडित भइरहेको छ । कानुन कार्यान्वयनमा कठिनाइ हुँदा आपराधिक गतिविधि नियन्त्रणमा पनि असर परेको छ ।

राजनीतिक नेताले आफ्ना कार्यकर्ता र समर्थकहरूलाई प्रयोग गरेर गिरफ्तारीलाई अस्वीकार गर्नुले पाकिस्तानको सबैभन्दा खराब अवस्थालाई प्रतिविम्बित गरेको लेखक, राजनीतिक विश्लेषक र मानवअधिकार कार्यकर्ता तौसीफ अहमद खान बताउँछन् । *रासस/एएफपी*

## अफगानिस्तानको सैन्य सामर्थ्य एक लाख ५० हजार

**काबुल–** अफगानिस्तानको सेनाको संख्या एक लाख ५० हजार पुगेको छ । स्थानीय टिभी च्यानल टोलोन्युजले बुधबार रक्षा मन्त्रालयका प्रवक्ता इनायतुल्लाह खावराज्मीलाई उद्धृत गर्दै जनाएअनुसार देशमा एक लाख ५० हजार जनाको व्यावसायिक एवं सुदृढ फौज बनाइएको छ । प्रवक्ता खावराज्मीले एक लाख ५० हजारको सबल फौज राष्ट्रको सुरक्षा सुनिश्चित गर्न तथा सीमा रक्षा गर्न सक्षम रहेको बताएका छन् । विगतको शासनकालका कर्मचारी पनि राष्ट्रिय सेनाको दर्जामा रहेका उनले बताए । प्रवक्ता खावराज्मीका अनुसार अफगानिस्तानको कामचलाउ सरकारले आफ्ना सबै सुरक्षा संयन्त्रहरू आफ्नै स्रोतसाधनले निर्माण गरेको छ ।

सन् २०२१ को अगस्टको अन्त्यमा अफगानिस्तानबाट अमेरिकी नेतृत्वको सेना फिर्ता भएपछि अमेरिका-समर्थित प्रशासनको पतनसँगै सेना र प्रहरीसहितको पूर्वशासनका तीन लाख ५० हजार कर्मचारी रहेको सुरक्षा बल छिन्नभिन्न भएको थियो ।

तालिबान सत्तामा आएपछि तुलनात्मकरूपमा हिंसात्मक घटनामा कमी आएको छ । इस्लामिक स्टेट, नेसनल रेसिस्टेन्स फ्रन्ट र पूर्वसरकारसँग सम्बद्ध समूहले कामचलाउ सरकारलाई सुरक्षा चुनौती थपेका छन् । तालिबानका अमानवीय गतिविधिका कारण त्यहाँका महिला पीडित भएका छन् । विश्वविद्यालयमा पढ्न जान नपाउने, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थामा काम गर्न उनीहरूमाथि प्रतिबन्ध लगाइएको छ । तालिबानका यस्ता अव्यावहारिक आदेशले अफगान महिलालाई मात्र नभई अन्तर्राष्ट्रिय समुदायलाई पनि चिन्तित तुल्याएको छ । *रासस/सिन्ह्वा*

## चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने होन्डुरसको घोषणा

**तेगुसिगल्पा–** होन्डुरसले चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने घोषणा गरेको छ । यो घोषणासँगै ताइवानसँगको लामो समयदेखिको होन्डुरसको आधिकारिक सम्बन्ध विच्छेद हुनेछ ।

राष्ट्रपति जिओमारा क्यास्ट्रोले विदेशमन्त्री एडुआर्डो रेनालाई जनवादी गणतन्त्र चीनसँग आधिकारिक सम्बन्ध स्थापना गर्न निर्देशन दिएका छन् । राष्ट्रपति क्यास्ट्रोले चुनावी अभियानको क्रममा गत साता आफ्नो सरकारले चीनसँग जलविद्युत् बाँध निर्माणका निम्ति वार्ता गरिरहेको घोषणा गरेका थियो ।

होन्डुरस सरकारले ताइपेईसँग आधिकारिकरूपमा सम्बन्ध तोडेको हो कि भन्नेबारे तत्काल टिप्पणी भने गरेको छैन । यद्यपि, बेइजिङको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध राख्न सक्दैनन् । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले एक चीन सिद्धान्तका आधारमा चीन होन्डुरस र विश्वका अन्य देशहरूसँग मैत्री एवं सहयोगात्मक सम्बन्ध विकास गर्न बेइजिङ सधैं इच्छुक रहेको बताएका छन् ।

यसैबीच, बेइजिङले बुधबार होन्डुरसले चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने निर्णयको स्वागत गरेको छ । 'हामी होन्डुरसको सान्दर्भिक वक्तव्यको स्वागत गर्दछौं,' प्रवक्ता वाङले नियमित पत्रकार सम्मेलनमा भनेका छन् । *रासस/एएफपी*

### भुल सुधार गरिएको सम्बन्धमा

मिति २०७९/११/२२ गतेको प्रभाव राष्ट्रिय दैनिकमा कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा ३ मा रहेको कालिका सामुदायिक वन उपभोक्ता समूहको काठ लिलाम बिक्री वितरण सम्बन्धी बोलपत्र आव्हान २१ दिने सूचना पर्नेमा दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना भएकाले २०७९/११/२२ गतेबाट लागू हुने गरी भुल सुधार गरी काठ लिलाम बिक्री वितरण सूचना बनाएको छ ।

### नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०९/१४ मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम कञ्चनजंघा सोलार डेभलपमेन्ट कम्पनी (प्रा.लि. नं. ४१८५६) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **" कञ्चनजंघा सोलार एण्ड सप्लायर प्रा. लि."** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## जापानमा युट्युबर सांसद निष्काशित

**टोकियो–** जापानमा युटचुबरका रूपमा प्रख्यात भएपछि सांसद बनेका एक नेतालाई निष्काशन गरिएको छ । सांसद निर्वाचित भएपछि एक दिन पनि सदनमा उपस्थिति नभएका उनलाई मंगलबार संसद्बाटै निष्काशन गरिएको हो ।

गत जुलाईमा निर्वाचित योशिकाजु हिगाशितानी अनिवार्यरूपमा उपस्थित हुनुपर्ने संसदीय बैठक एवं अधिवेशनमा एकपटक पनि उपस्थित नभएपछि निजलाई जापानको माथिल्लो सदनले मंगलबार निष्काशन गरेको हो । सदनको हिजोको उक्त निर्णय आजदेखि लागू भएको छ ।

गासी उपनामले चिनिने योशिकाजु ७० वर्षपछि जापानको संसद्बाट निष्काशित हुने पहिलो सांसद भएका छन् । यसअघि सदनले उनलाई महिनौं लामो अनुपस्थितिका लागि क्षमा याचना गर्न आदेश दिएको थियो तर उनले त्यसको बेवास्ता गरेका थिए । ५१ वर्षीय उनको दलबाट दुई जना सांसद निर्वाचित छन् । उनी निष्काशित भए पनि अर्को एक सदस्यले उनको स्थानमा काम गर्ने छन् ।

दुबईमा बसोबास गरिरहेको पूर्वव्यापारी उनले जापान फर्केमा पक्राउ पर्ने बताएका छन् । मानहानीको आरोपमा उनलाई सम्बद्ध अधिकारीले सोधपुछ गर्न पक्राउ गर्नसक्ने उनले बताएका छन् । जापानको सार्वजनिक प्रसारण संस्थामा परिवर्तनको अभियान चलाएको उनको दल एनएचके पार्टीका रूपमा परिचित थियो । *रासस/एएफपी*


### UAEको Semi-Government कम्पनीमा बस ड्राइभरहरूलाई रोजगारको अवसर

कम्पनी : REACH EMPLOYMENT SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०७९/१२/०१ LT. No. 282710 चलानी नं. ६०१९८१५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 100 | 0 | 3100 | १११,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।

नोट : Qatar को Bus को Valid License र UAE को 6 No. को License हुनेहरूले मात्र सम्पर्क गर्नुहोला ।
यस प्रा.लि ले यो कम्पनीमा ७० जना Driver पहिले नै पठाइसकेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd. Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765
सम्पर्क नं: ९८६०६८४५३२(सपना), ९८५१०८५७७१(बरुन), बिर्तामोड सम्पर्क नं: ९८२१३९३२४९ (बिकास)

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOUD FAHAD BARRAK ALSABIH FOR STEEL WORK & FABRICATION
पुर्व स्वीकृति मिति : २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/०१ LT No.278677 चलानी नं ६०१९४३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labours | 34 | 0 | 100 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९/१० गते (23/24 Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
श्रम इजाजत नं. [illegible]
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CENTRAL PLASTIC INDUSTRY SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/११/३० LT. No. 269222 चलानी नं. ६०१८५११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9801085037,9851004013

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAIF FOOD CO.WLL
पूर्व स्वीकृति मिति २०७९/०९/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/०१ LT. No. :279218 चलानी नं. ६०१९४७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANERS (INDOOR) | 12 | 17 | 85 | ३६,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TONG YIN TIMBER SDN. BHD.
पूर्व स्वीकृति मिति २०७९/१२/०१ LT. No.282588 चलानी नं. ६०१९८१००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23rd Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

### रोमानिया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL
पूर्व स्वीकृति मिति २०७९/११/१७ LT. No. 281583 चलानी नं. ६०१९८१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 120 | 0 | 550 | ७२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTERNATIONAL WORK FINDER
पूर्व स्वीकृति मिति २०७९/११/१७ LT. No. 281582 चलानी नं. ६०१९८१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 10 | 550 | ७२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 650 | ८६,१६५ | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 4 | Factory Worker | 35 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 5 | Gardener | 5 | 0 | 550 | ७२,९१० | | | | | | | |
| 6 | General Worker | 35 | 10 | 550 | ७२,९१० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:४०,०००

कम्पनी : KILANG TIN CAN (SEL) SDN.BHD.
पूर्व स्वीकृति मिति २०७९/०५/१३ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/०१ LT. No. 270369 चलानी नं. ६०१८३६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Factory) | 6 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ICON PACKAGING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/१२/०१ LT. No. 282597 चलानी नं. ६०१९८१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ९ गते (23th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०५७०० | प्रति तोला - १०५२०० | प्रति तोला - १३०० |



**खच्चडमा सामग्री ढुवानी गर्दै** डोल्पाको सदरमुकाम दुनैबाट उपल्लो डोल्पाको काइके गाउँपालिकातर्फ तार जाली ढुवानी गर्न खच्चडमा राखिँदै । दुनैबाट काइके ढुवानी गरेबापत प्रतिखच्चड तीन हजार रुपैयाँ पर्दछ । *तस्बिरः हेमन्त केसी/रासस*

## बजेट घाटा डेढ खर्ब नाघ्यो

### पुँजीगत खर्च २२ प्रतिशत मात्रै

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनामा सरकारको बजेट घाटा रू एक खर्ब ५६ अर्ब ४४ करोड नाघेको छ । फागुन मसान्तसम्म सरकारले रू सात खर्ब ७९ अर्ब २३ करोड बराबर बजेट खर्च गर्दा राजस्व संकलन भने रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै छ ।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको चालु आवको फागुन मसान्तसम्मको राजस्व संकलन र बजेट खर्च विवरणअनुसार सरकारको आम्दानीभन्दा खर्च बढी देखिन्छ । यो अवधिमा सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ४२ दशमलव ७ प्रतिशत छ भने बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत छ ।

चालु आर्थिक वर्षका लागि सरकारले रू १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख बराबरको बजेट ल्याएको थियो । तर, लक्ष्यअनुसार राजस्व नउठेको भन्दै अर्धवार्षिक समीक्षामार्फत् बजेटको आकार १४ प्रतिशत अर्थात् रू दुई खर्ब ४४ अर्बले घटाएर रू १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ ।

सुरुआती विनियोजित बजेटको तुलनामा आठ महिनाको बजेट खर्च ४३ दशमलव ४४ प्रतिशत मात्रै छ । अर्थात् फागुन मसान्तसम्म सरकारले कूल रू सात खर्ब ७९ अर्ब २३ करोड बजेट खर्च गरेको छ । यस अवधिमा सरकारको चालु खर्च ५१ दशमलव ४६, पुँजीगत खर्च २२ दशमलव १५ र वित्तीय व्यवस्थातर्फको खर्च ३७ दशमलव ४१ प्रतिशत छ । चालुगत शीर्षकमा रू ११ खर्ब ८३ अर्ब २३ करोड ५१ लाख बराबर वार्षिक विनियोजन रहेकोमा हालसम्म रू छ खर्ब आठ अर्ब ८४ करोड ४५ लाख बराबर छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख वार्षिक विनियोजन रहेकोमा २२ दशमलव १५ प्रतिशत अर्थात् रू ८४ अर्ब २५ करोड ६० लाख बराबर मात्रै खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ रू दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाख वार्षिक बजेट छुट्याइएकोमा फागुन मसान्तसम्म रू ८६ अर्ब १२ करोड ९६ लाख खर्च भएको छ । महालेखा नियन्त्रकको तथ्यांक हेर्दा आठ महिना अवधिमा पुँजीगत खर्चभन्दा वित्तीय व्यवस्थातर्फको खर्च बढी छ ।

फागुन मसान्तसम्ममा सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ४२ दशमलव सात प्रतिशत बराबर मात्रै छ । चालु आर्थिक वर्षका लागि सरकारले रू १४ खर्ब ५८ अर्ब ६० करोड ५३ लाख राजस्व उठाउने लक्ष्य राखेकोमा हालसम्म रू छ खर्ब २२ अर्ब ७८ करोड १४ लाख मात्रै असुली भएको छ । जसमध्ये आन्तरिक राजस्व संकलन ४१ दशमलव ५३ प्रतिशत अर्थात् रू पाँच खर्ब ८२ अर्ब ७७ लाख १५ हजार रहेको छ । यसवर्ष रू ५५ अर्ब ४५ करोड ८३ लाख वैदेशिक सहायता लिने सरकारको लक्ष्य रहेकोमा हालसम्म आठ दशमलव ६६ प्रतिशत अर्थात् रू चार अर्ब ८० करोड २० लाख बराबर मात्रै वैदेशिक सहायता भित्रिएको छ ।

## लक्ष्यअनुसार उठेन आन्तरिक राजस्व

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०७९/८० को आठ महिनामा आन्तरिक राजस्व संकलन लक्ष्यभन्दा न्यून देखिएको छ । आन्तरिक राजस्व विभागका अनुसार फागुन मसान्तसम्ममा लक्ष्यको करिब ८० प्रतिशत प्रतिशत मात्रै आन्तरिक राजस्व उठेको हो ।

दोस्रो चौमासिकसम्ममा विभागले रू तीन खर्ब ५३ अर्ब ९१ करोड ४७ लाख बराबर आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको थियो । तर यो अवधिको लक्ष्यको तुलनामा ७९ दशमलव ७८ प्रतिशत अर्थात् रू दुई खर्ब ८१ अर्ब ९९ करोड ३० लाख मात्रै उठेको हो । गत आवको फागुनसम्मको तुलनामा चालु आवको सोही अवधिको तुलनामा राजस्व असुली एक प्रतिशत बिन्दुले कम हो । विभागले गत आवको आठ महिनामा रू दुई खर्ब ८५ अर्ब १२ करोड दुई लाख बराबर राजस्व उठाएको थियो । हालसम्म उठेको आन्तरिक राजस्वको अवस्था हेर्दा शिक्षा कर बाहेक सबै क्षेत्रमा न्यून असुली भएको छ ।

फागुन मसान्तसम्म रू एक खर्ब ५८ अर्ब २५ करोड चार लाख बराबर आयकर उठाउने लक्ष्य राखेको विभागले रू एक खर्ब १७ अर्ब सात करोड १९ लाख मात्रै असुली गरेको छ । यो अवधिको आयकर लक्ष्यको ७३ दशमलव ९८ प्रतिशत अर्थात् लक्ष्यको तुलनामा आयकर संकलन करिब १६ प्रतिशत बिन्दुले कम हो ।

मूल्य अभिवृद्धि कर (भ्याट) संकलन पनि लक्ष्यभन्दा निकै न्यून छ । फागुन मसान्तसम्ममा रू ८२ अर्ब ४३ करोड ३८ लाख भ्याट उठाउने लक्ष्य राखिएकोमा रू ६८ अर्ब ७७ करोड ३८ लाख मात्रै संकलन भएको छ । जुन असुली लक्ष्यको ८३ दशमलव ३२ प्रतिशत बराबर हो । त्यस्तै, गत वर्षको यही अवधिको तुलनामा आयकर संकलन तीन प्रतिशत बिन्दुले न्यून हो । गतवर्ष फागुन मसान्तसम्ममा विभागले रू ७० अर्ब ७५ करोड ८४ लाख बराबर भ्याट उठाएको थियो ।


अन्तःशूल्क गत वर्षको तुलनामा केही बढेको देखिए पनि यसवर्षको लक्ष्यअनुसार भने उठेको देखिँदैन । विभागका अनुसार फागुन मसान्तसम्म रू ७६ अर्ब ८२ करोड ४० लाख अन्तःशुल्क लक्ष्य लिइएकोमा ८४ दशमलव ३६ प्रतिशत अर्थात् रू ६४ अर्ब ८१ करोड ६ लाख संकलन भएको छ । गतवर्ष फागुनसम्मको तुलनामा यसवर्षको सोही अवधिमा अन्तःशुल्क चार प्रतिशत विन्दुले बढेको छ ।

दोस्रो चौमासिक अवधिमा घरबहाल कर ७८ दशमलव ८१ प्रतिशत संकलन भएको छ । फागुन मसान्तसम्मका लागि रू दुई अर्ब १४ करोड ८८ लाख बराबर घरबहाल कर उठाउने लक्ष्य राखिएकोमा रू एक अर्ब ६९ करोड ३५ लाख बराबर मात्रै उठेको हो । गतवर्षको यही अवधिको तुलनामा घरबहाल कर १० प्रतिशत बिन्दुले घटेको छ । गतवर्ष रू एक अर्ब ८७ करोड २७ लाख बराबर उठेको थियो ।

त्यस्तै, स्वास्थ्य सेवा कर असुली लक्ष्यको ९७ दशमलव ११ प्रतिशत मात्रै देखिन्छ । विभागले फागुन मसान्तसम्ममा रू चार अर्ब ८५ करोड स्वास्थ्य कर उठाउने लक्ष्य राखेकोमा रू चार अर्ब ७१ करोड बराबर मात्रै संकलन भएको देखिएको हो ।

## दोहोरो अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार १४ दशमलव ४४ अंकले घटेर एक हजार नौ सय ३८ दशमलव ६२ अंकमा कायम भएको हो । बुधबारको कारोबारमा कूल दुई सय ५३ वटा कम्पनीका विभिन्न ३७ लाख १६ हजार छ सय ८४ कित्ता सेयर रू एक अर्ब २० करोड २१ लाख ४१ हजारमा कारोबार भएका छन् ।

कारोबारमा व्यापार समूह १० दशमलव ५७ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ६९ दशमलव ४६ र लघुवित्त समूहको उपसूचक ६८ दशमलव ३५ अंकले घटेको छ ।

साथै बैंकिङ समूह नौ दशमलव ९४, विकास बैंक समूह २७ दशमलव २४, वित्त समूह १४ दशमलव १६, होटल तथा पर्यटन सात दशमलव ३९ र जलविद्युत् समूह नौ दशमलव ६९ अंकले घटेको छ । त्यसैगरी, लगानी समूह शून्य दशमलव ४३, उत्पादन तथा प्रशोधन समूह ३२ दशमलव ४२, म्युचुअल फन्ड शून्य दशमलव ०३, निर्जीवन बीमा समूह १७ दशमलव ०६ र अन्य समूह चार दशमलव १२ अंकले घटेका छन् ।

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शुभम् पावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा सबैभन्दा धेरै पाँच दशमलव ९० अंकको गिरावट देखिएको छ । कारोबार रकमका आधारमा आज एनआइसी एसिया बैंकको सबैभन्दा धेरै रू १० करोड ३५ लाख २२ हजार बराबरको एक लाख ३८ हजार ५९३ कित्ता सेयर किनबेच भएको छ ।

## १४ अर्ब ३१ करोड अनुदान सहायता स्वीकार

**काठमाडौं (प्रस)–** सरकारले नेपाल स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका लागि बेलायत सरकारबाट प्राप्त हुने करिब रु १४ अर्ब ३१ करोड अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । गत फागुन २५ गतेको मन्त्रिपरिषद् बैठकले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति दिने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

बैठकले निर्वाचन आयोगका सचिव गोकर्णमणि दुवाडीको भारत र भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालको जापान भ्रमण स्वीकृति गरेको छ । गत फागुन १९ गतेको मन्त्रिपरिषद् बैठकले फागुन ३० देखि चैत २ गतेसम्म बेलायतको लन्डनमा आयोजना भएको 'हेल्दी सिटी समिट' विषय कार्यक्रममा सहभागी हुन काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहको भ्रमण स्वीकृत गरेको छ ।

बैठकले यही चैत ८ देखि १० सम्म न्यूयोर्कमा आयोजना हुने उच्चस्तरीय वाटर कन्फरेन्स, २०२३ को भ्रमणमा सहभागी हुन सचिव गोपालप्रसाद सिग्देललाई स्वीकृति दिएको छ ।

नेपाल र श्रीलंका सरकारबीच विज्ञान प्रविधि र नवप्रवर्तनको क्षेत्रमा सहयोग आदानप्रदान गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई अख्तियारी प्रदान गरेको छ ।

नागढुङ्गा-नौबिसे-मुग्लिन सडक विस्तारका लागि सडक सीमाभित्रका एक सय २१ र नारायणघाट-मुग्लिन सडकमा पुल निर्माण गर्न सडकको रेखांकनभित्र परेका २६ वटा घरटहरा भोगचलन गर्ने व्यक्तिलाई क्षतिपूर्ति दिई घरटहरा हटाउन स्वीकृति प्रदान गर्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिए ।

बैठकले कृषकले उत्पादन गरेको कच्चा दूधको उत्पादनस्थल (फार्म) वा संकलन केन्द्रस्तरमा प्रतियुनिट फ्याट सात रूपैयाँ १५ पैसा, प्रतियुनिट एसएनएफ चार रूपैयाँ ५५ पैसाको दरले प्रतिलिटर दूधको न्यूनतम खरिद मूल्य रु ६५ निर्धारण गरेको छ ।

## नयाँ-नयाँ उडान गन्तव्यमा जोडिँदै पोखरा

■ रामबहादुर थापा



**गण्डकी–** हवाई मार्गबाट देशका ठूला सहरसँग पोखरा जोडिएको छ । वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सङ्घीय राजधानी काठमाडौंसहित पाँच गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन् । हाल पोखरालाई काठमाडौं, भरतपुर, भैरहवा, नेपालगञ्ज र भद्रपुरसँग हवाई सञ्जालले जोडेको छ । कोभिड-१९ महामारी जस्ता कारणबाट बन्द उडान सेवा पनि पुनः सञ्चालन गर्ने तयारीमा हवाई सेवा कम्पनी छन् ।

यसअघि पोखराबाट धनगढी, विराटनगर, सिमरा र जनकपुरमा पनि सिधा उडान हुँदै आएको थियो । हवाई यात्रुको आउजाउ घटेपछि ती गन्तव्यमा उडान सेवा रोकिएको थियो । पर्यटकीय गतिविधि पूर्ववत् स्थितिमा फर्कन थालेसँगै पोखरा आउने यात्रुको चाप बढ्ने विश्वास लिइएको छ । आन्तरिकसँगै विदेशी पर्यटकको आवागमनलाई लक्ष्य गरी सीमा क्षेत्र नजिकका सहरसँग पोखराको हवाई सम्पर्क स्थापित गरिएको हो । गत साता मात्रै निजी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयरले पोखरा-भद्रपुर सिधा उडान सुरु गरेको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख विक्रम गौतमले पोखराको पर्यटनमा आशलाग्दो अवस्था देखिएको बताए । 'म आफैं काठमाडौंदेखि फर्कंदा जहाजमा झन्डै आधा यात्रु विदेशी देखें, यो हाम्रा लागि सुखद खबर हो', उनले भने । विमानस्थल प्रमुख गौतमले पर्यटकको चापलाई हेरेर विमान कम्पनीले उडान थपघट गर्ने बताए । 'यात्रु नपाए एयरलाइन्सले सेवा विस्तार गर्ने कुरा हुँदैन, पर्यटक बढे उडान थपिन्छ, नयाँ गन्तव्य पनि विस्तार हुन्छ', उनले भने ।

पछिल्लो समय आन्तरिक हवाई यात्रुको संख्या पनि बढ्दो छ । कोभिडकालदेखि सुरक्षित यात्राका लागि पनि कतिपयले हवाई मार्ग रोज्न थालेका हुन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका अध्यक्ष हरिराम अधिकारीले हवाई सञ्जाल विस्तारले पोखराको पर्यटनमा महत्वपूर्ण टेवा पुग्ने बताए । 'हवाई मार्गबाट नयाँनयाँ गन्तव्यमा पोखरा जोडिनु भनेको पोखराको पर्यटन उकासिनु हो', उनले भने, 'केही महँगो परे पनि छिटो र सहज यात्राका लागि पर्यटकले हवाई मार्ग रोज्छन्, पोखरा हवाई यात्राका लागि सुरक्षित छ भन्ने सन्देश दिनुपर्छ ।'

अध्यक्ष अधिकारीले 'नाट्टा'कै पहलमा पोखराबाट विभिन्न प्रदेशका सहरसम्म हवाई उडान सुरु गरिएको बताए । 'कोभिडलगायत कारणले केही ठाउँमा नियमित हुन सकेको छैन, पर्यटक चाप हुन थालेपछि विमान कम्पनीले फेरि उडान सुरु गर्छन्', उनले भने । पोखरामा भारतीय र चिनियाँ पर्यटक बढी आउँछन् । चीनले कोभिड-१९ महामारी थामिएपछि हालै गन्तव्य देशका रूपमा नेपाललाई राखेको छ । चीनको सो निर्णयबाट पोखरा घुम्न आउने चिनियाँ पर्यटक बढ्ने अपेक्षा लिइएको छ । भद्रपुर, जनकपुर, सिमरालगायत सीमा छेउका सहरबाट सिधा उडान हुँदा भारतीय पर्यटक सहज रूपमा पोखरा भित्रने व्यवसायी बताउँछन् ।

'सडक यातायातबाट घण्टौं लाग्ने गन्तव्यमा हवाई मार्गबाट केही छिनमै पुग्न सकिने अवस्था छ, नेपालको बाटोघाटो पनि त्यति स्तरीय छैन', नाट्टा गण्डकीका अध्यक्ष अधिकारीले भने, 'पोखराबाट देशका मुख्य गन्तव्यसम्म नियमित उडान सेवाको सुनिश्चितता गर्नुपर्छ, यसमा राज्यको पनि सोच र योजना चाहिन्छ ।'

बुद्ध एयरका स्टेसन म्यानेजर गौतम बरालले धनगढीलगायत ठाउँमा पुनः उडान थाल्ने तयारी भए पनि आधिकारिक जानकारी नआएको बताए । 'अहिले बुद्ध एयरले पोखराबाट पाँच सहरमा उडान गर्दै आएको छ, यात्रुको माग भए अन्यत्र पनि सेवा विस्तार हुँदै जान्छ', उनले भने ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी विष्णु अधिकारीले पोखराबाट हालै रात्रिकालीन उडान पनि सुरु भएको जानकारी दिए । उनका अनुसार बुद्ध एयरले काठमाडौं, भद्रपुर, भैरहवा र नेपालगञ्जबाट पोखरामा रात्रिकालीन उडान भर्न थालेको हो । चारै गन्तव्यबाट आएका जहाजले पोखरामा रात्रि विश्राम गर्ने र भोलिपल्ट सम्बन्धित गन्तव्यमा फर्कने गरेको विमानस्थलका अधिकारीको भनाइ छ । रात्रिकालीन उडान सेवाले पोखराको पर्यटन र अर्थतन्त्रको उत्थानमा टेवा पुग्ने विश्वास लिइएको छ । उक्त विमानस्थलमा गत फागुन ११ गते इन्स्ट्रमेन्ट फ्लाइट रुल्स (आइएफआर) प्रणाली लागू भएसँगै रात्रीकालीन उडान सुरु भएको हो । गएको अङ्ग्रेजी नयाँ वर्षका दिन उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान भने अझै सुरु हुन सकेको छैन । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ